HBC- Himalayan
Brokerage Company Ltd.
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
स्टक ब्रोकर नं. ६३

4th Floor KL complex, Dillibazar-30,
Pipalbot, Kathmandu, Nepal
015970462 | 015970463 info@himalayanbrokerage.com
www.himalayanbrokerage.com

अनुसूची-१२

(धितोपत्र व्यवसायी (धितोपत्र दलाल तथा व्यापारी) नियमावली २०६४ को नियम २९ (१) सग सम्बन्धित)

(धितोपत्र केन्द्रिय निक्षेप सेवा विनियमवली २०६८ को विनियम २० संग सम्बन्धित)

प्राकृतिक व्यक्तिको ग्राहक परिचय विवरण

☐ KYC (Trading) ☐ KYC (Demat)

(हालसालै खिचेको फोटो)

फोटोमा पर्ने गरि हस्ताक्षर

कार्यालय प्रयोजनको लागि मात्र For Official Use Only

आवेदन नम्बरः Application No.:		संकेत नम्बरः Symbol No.:		मितिः Date:	
ग्राहक नम्बरः Customer No.:					

हितग्राही खाता नम्बरः (Demat) Beneficial Owner Account No.:	
हितग्राहीको खाता खोलिएको संस्थाको नामः	

तल उल्लेखित सम्पूर्ण विवरण राम्रोसँग भर्नु पर्नेछ । आफूसँग सरोकार नभएको विवरण उल्लेख गर्ने कोठामा तेर्सो धर्का तानिदिनु होला ।
Please complete all details and strike out the non-applicable fields/boxes.

खाताको किसिमः Types of Account: ☐ व्यक्तिगत Individual ☐ गैर आवासीय नेपाली Non Resident Nepalese ☐ विदेशी Foreigner

हितग्राही/ग्राहकको विवरण (Beneficiary/Client's Details):

नामः								
Name:								
जन्म मितिः Date of Birth:	वि.सं. B. S.		ई.सं. A. D.		विवाहित Married ☐	अविवाहित Unmarried ☐	नाबालक Minor ☐	
लिङ्गः Gender:	☐ पुरुष Male	☐ महिला Female	☐ अन्य Others	राष्ट्रियता Nationality	☐ नेपाली Nepali	☐ अन्य Other ______		
नागरिकता नं. / नाबालक भएमा, जन्म दर्ता प्रमाणपत्र नं.: Citizenship No. / If Minor, Birth Certificate No.:								
जारी जिल्लाः Issue District:		जारी मितिः Issue Date:		स्थायी लेखा नं.: PAN No.:				
राहदानी नम्बरः Passport No.:		जारी ठाउँः Place of Issue:		जारी मितिः Issue Date:		म्याद सकिने मितिः Expiry Date:		

गैर आवासीय नेपालीका लागि (For Non Resident Nepalese):

वैदेशिक ठेगाना Foreign Address:	देश Country:		शहरः City:	
	राज्यः State:		परिचयपत्र नं.: Identification No.:	
परिचयपत्रको किसिमः Types of Identity Card:		जारी गर्ने निकायः Issurance Authority:		जारी मितिः Issue Date:

स्थायी ठेगाना (Permanent Address):

राष्ट्रः Country:		प्रदेशः Province:	जिल्लाः District:		गा.पा/न.पा./उ.म.न.पा./म.न.पा Rural Municipality /Municipality/ Sub. Metropolitan City/ Metropolitan City	
टोलः Tole:			वडा नं.: Ward No.			
टेलिफोन नं. Tel. No.:			मोबाईल नं. Mob. No.:		ईमेल : E-mail:	

हालको ठेगाना (Current Address)

राष्ट्रः Country:		प्रदेशः Province:	जिल्लाः District:		गा.पा/न.पा./उ.म.न.पा./म.न.पा Rural Municipality /Municipality/ Sub. Metropolitan City/ Metropolitan City	
टोलः Tole:			वडा नं.: Ward No.			
टेलिफोन नं. Tel. No.:			मोबाईल नं. Mob. No.:		ईमेल : E-mail:	
नजिकको ल्यान्डमार्कः Nearest Landmark :						

एकाघर परिवारका सदस्यहरुको विवरण (Details of Family Members):

बुबाको नामः	
Father's Name:	
हजुर बुबाको नामः	
Grand Father's Name:	
आमाको नामः	
Mother's Name:	
पति/पत्नीको नामः	
Spouse's Name:	
छोराको नामः	
Son's Name:	
अविवाहित छोरीको नामः	
Unmarried Daughter's Name:	
बुहारीको नामः	
Daughter-in-Law's Name:	
ससुराको नामः	
Father-in-Law's Name:	
सासुको नामः	
Mother-in-Law's Name:	

पेशागत विवरण (Details of Occupation):

पेशाः Occupation:	सेवा Service ☐	सरकारी Government ☐	सार्वजनिक/निजी क्षेत्र Public/Private Sector ☐	एन.जी.ओ/आई.एन.जी.ओ NGO/INGO ☐	कानूनी विज्ञ Legal Expert ☐	विद्यार्थी Student ☐
	विशेषज्ञ Expert ☐	व्यापारी Business Person ☐	कृषि Agriculture ☐	सेवा निवृत्त Retired ☐	गृहिणी House Wife ☐	अन्य Others ______ ☐

व्यापारको प्रकार : Type of Business :	☐ उत्पादन Manufacturing ☐ सेवामुखी Service Oriented ☐ अन्य Others ______
कम्पनी/संस्थाको नामः Com./Organization's Name:	
ठेगानाः Address:	पदः Designation:
आर्थिक विवरणः Financial Details:	आयको सीमा (वार्षिक विवरण) / Income Limit (Annual Details) ☐ रू. १,००,००० सम्म Upto Rs. 1,00,000 ☐ रू. १,००,००१ देखि रू. ५,००,००० सम्म From Rs. 1,00,001 to Rs. 5,00,000 ☐ रू. ५,००,००१ देखि रू. १०,००,००० सम्म From Rs. 5,00,001 to Rs. 10,00,000 ☐ रू. १०,००,००० भन्दा माथि Above Rs. 10,00,000

धितोपत्र खरिद विक्री गर्ने मुख्य उद्देश्यले स्थापित ईन्भेष्टमेन्ट कम्पनीमा संलग्न भएमा देहाय बमोजिमको विवरण उल्लेख गर्नु पर्ने
Involvement in investment companies which were established for securities trading (If yes, mention below): ☐ छ/Yes ☐ छैन/No

कम्पनीको नामः
Name of the Company

पदः
Designation: सञ्चालक Director ☐ पदाधिकारी Executive ☐ शेयरधनी Share Holder ☐ कर्मचारी Employee ☐ अन्य Others ______

डिम्याट खाताको लागि मात्रः						
निक्षेप सदस्यले हितग्राहीको खातामा भएको घटवढ स्वचालित रूपमा गराउने/नगराउने Standing Instruction for the automatic transactions	☐ गराउने Yes	☐ नगराउने No				
खाताको विवरण प्राप्त गर्ने Account Statement	☐ दैनिक Daily	☐ साप्ताहिक Weekly	☐ पाक्षिक 15 days	☐ मासिक Monthly	☐ माग अनुसार On demand	

अन्य धितोपत्र दलाल कम्पनीमा कारोवार गर्ने गरेकोः छैन ☐ छ ☐
छ भने कम्पनीको नामः..

बैंक खाताको विवरण (Bank Account Details):

बैंकको नाम (Bank Name) :		शाखा (Branch) :	
बैंक खाता नं. (Bank A/c No.) :			
खाता किसिम (Type of A/c) :	☐ बचत खाता (Saving A/c)	☐ चल्ती खाता (Current A/c)	

संरक्षकको विवरण (नाबालकको हकमा मात्र) (Guardian's Details (In case of Minor only):

नाम/थर : Name/Surname:		निवेदकसंगको सम्बन्ध Relationship with applicant:	

पत्राचार गर्ने ठेगाना / Correspondence Address:

राष्ट्रः Country:		प्रदेशः Province:		जिल्लाः District:		गा.पा/न.पा./उ.म.न.पा./म.न.पा R. Mun. /Mun./Sub. Met./Metropolitan	
टोलः Tole:		वडा नं.: Ward No.		टेलिफोन नं. Telephone No.:			
मो. नं. Mob. No.:		स्था. ले. नं. PAN No.		ईमेल : E-mail:			

औंठा छाप / Thumb Print

दायाँ Right	बायाँ Left

संरक्षकको नाम :

Guardian's Name :

हस्ताक्षर :

Signature :

(हालसालै खिचेको फोटो)

फोटोमा पर्ने गरि हस्ताक्षर

इच्छाइएको व्यक्ति सम्बन्धि विवरण (Nominee's Details):

मेरो मृत्यु भएको अवस्थामा वा मैले नसकेको अवस्थामा देहायको व्यक्तिले मेरो नाममा भएको सम्पूर्ण धितोपत्रको हकदावी गर्न पाउने छ ।
In the event of my death or incapacity the following named nominee shall be entitled to the balance of my demat account

ईच्छाइएको व्यक्तिको नामः Name of Nominee:				निवेदकसंगको सम्बन्धः Relationship:	
नागरिकता/राहदानी नम्बरः Citizenship/Passport No.:		जारी ठाउँ Place of Issue:		उमेरः Age:	

पत्राचार गर्ने ठेगाना (Correspondence Address):

राष्ट्रः Country:		प्रदेशः Province:		जिल्लाः District:		गा.पा/न.पा./उ.म.न.पा./म.न.पा R. Mun. /Mun./Sub. Met./Metropolitan	
टोलः Tole:		वडा नं.: Ward No.		टेलिफोन नं. Telephone No.:			
मो. नं. Mob. No.:		स्था. ले. नं. PAN No.		ईमेल : E-mail:			

औंठा छाप / Thumb Print

दायाँ Right	बायाँ Left

ईच्छाइएको व्यक्तिको नाम :

Name of Nominee :

हस्ताक्षर :

Signature :

(हालसालै खिचेको फोटो)

फोटोमा पर्ने गरि हस्ताक्षर

घर रहेको स्थानको नक्शा Location Map	Site Map of the Account Holder's Residence ⇧N From main Road Street..............the distance of the Residence is...............meters (approximately)

बहालमा बस्नेको हकमा :

घरधनीको नाम				टेलिफोन नं.	
मोबाइल नं.		जिल्ला		मनपा/उपमनपा/नपा/गाविसः	
टोल		वडा नं.		घर नं.	

सम्पत्ति शुद्धिकरण तथा आतङ्कवादी क्रियाकलापमा वित्तीय लगानी निवारण सम्बन्धि थप विवरणः

१. के तपाई राजनीतिक वा उच्च पदस्थ व्यक्ति हुनुहुन्छ ? हो ☐ होइन ☐

२. के तपाई राजनैतिक वा उच्च पदस्थ व्यक्तिसंग सम्बन्धित हुनुहुन्छ ? छु ☐ छैन ☐
सम्बन्धित राजनैतिक उच्च पदस्थ व्यक्तिको नाम तपाईसंगको सम्बन्ध
....

३. के तपाईको हिताधिकारी व्यक्ति छ ? छैन ☐ छ ☐
हिताधिकारी व्यक्तिको नाम तपाईसंगको सम्बन्ध
....

४. के तपाई विगतमा कुनै सम्पत्ति शुद्धिकरण सम्बन्धि कसुर वा सम्बद्ध कसुरमा दोषी प्रमाणित हुनुभएको छ ? छैन ☐ छ ☐
छ भने कृपया उल्लेख गर्नुहोस् ....

हितग्राही खाता तथा धितोपत्र कारोवारको सम्बन्धमा तपशिल बमोजिमको स्वघोषणा गर्दछु ।

१. म/हामीले धितोपत्र खरिदका लागि प्रयोग गर्ने रकम सम्पत्ति शुद्धिकरण सम्बन्धि प्रचलित कानून विपरित आर्जन गरेको हुने छैन ।
२. धितोपत्रमा गरिएको लगानीमा निहित जोखिमको सम्बन्धमा जानकार छु ।
३. म/हामीले खरिद गरेको धितोपत्रहरू वापतको भुक्तानी लिने दिने कार्य तोकिएको समय भित्र गर्ने छु ।
४. म/हामीले धितोपत्र सम्बन्धि तथा अन्य प्रचलित नियम कानूनहरूको पालना गर्नेछु ।
५. म/हामी कर्जा सूचना केन्द्रको कालो सूचीमा रहेको छु/छैन ।
६. सम्पत्ति शुद्धिकरण (मनी लाउण्डरिङ्) निवारण ऐन, २०६४ र यस अन्तर्गत जारी भएका नियमावली तथा निर्देशन आदीबाट माग भए अनुसारका सुचना, विवरण तथा कागजातहरू कम्पनीलाई उपलब्ध गराउने छु/छौं ।
७. कम्पनीलाई गर्नु पर्ने भुक्तानी नगरी बाँकी राखेको कारणबाट मेरो/हाम्रो कारोवार अन्य धितोपत्र दलाल कम्पनीहरूमा समेत निलम्बन गर्न पत्राचार वा परिपत्र जारी गरेमा मेरो/हाम्रो मञ्जुरी छ ।
८. हितग्राही खाताको हकमा म/हामीले निक्षेप सदस्य र हितग्राहीको करारनामा, प्रचलित ऐन, नियम, विनियम र सोमा भएका संशोधन मान्न मञ्जुर गर्दछु/गर्दछौं । यसमा उल्लेखित विवरणमा कुनै फरक परेमा यस कम्पनीमा रहेको हितग्राही खाता रद्द गर्न मञ्जुर गर्दछु/गर्दछौं ।

संलग्न गर्नुपर्ने कागजातहरुः

१. नेपाली नागरिकको हकमा नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
२. अन्य देशको नागरिकको हकमा पासपोर्टको प्रतिलिपि ।
३. नाबालकको हकमा संरक्षक तथा नाबालक दुबैको फोटो ।
४. कानूनी संरक्षक भए सो सम्बन्धि कागजात ।
५. नाबालकको हकमा जन्म दर्ताको प्रमाणपत्रको प्रतिलिपि र संरक्षकको नागरिकताको प्रतिलिपि ।
६. निवेदकको हस्ताक्षर तथा औंठा छापमा संरक्षकको हस्ताक्षर तथा औंठा छाप ।
७. कुनै संस्थाको कर्मचारी रहेको हकमा कर्मचारी परिचयपत्रको प्रतिलिपि ।
८. हितग्राही खाताको विवरण ।
९. ईच्छाइएको व्यक्तिको नागरिकताको प्रतिलिपि तथा फोटो ।

माथि उल्लेखित विवरण सत्य तथ्य रहेको र सो विवरणमा कुनै फरक परे कानून बमोजिम सहुँला, बुझाउँला । I/We hereby acknowledge that the above disclosed details are true. I further hereby consent to bear any legal actions in case of any false disclosure of information related to me/us.

औंठा छाप / Thumb Print

दायाँ Right	बायाँ Left

निवेदकको नाम :
Applicant's Name :

हस्ताक्षर :
Signature :

मिति :
Date :

कार्यालय प्रयोजनको लागि / For Official Use

Checked & Verified by

Signature

Name: ____________

Designation: ____________

Date: ____________

कम्पनीको छाप
Himalayan Brokerage Company Ltd.

Approved by

Signature

Name: ____________

Designation: ____________

Date: ____________

Risk Category: ☐ Low Risk ☐ Medium Risk ☐ High Risk* PEP ☐ Yes* ☐ No ☐ PEP ☐ Associate PEP

Referrer Name Contact

HBC- Himalayan Brokerage Company Ltd.

धितोपत्र कारोबार सञ्चालन विनियमावली २०७५ को विनियम १० संग सम्बन्धित
कारोवार सदस्य र ग्राहक बिचको सम्झौतापत्र

मिति २०७९/०६/१२ मा कम्पनी रजिस्ट्रारको कार्यालयमा दर्ता भई नेपाल धितोपत्र बोर्डबाट धितोपत्र दलाल व्यवसायीको इजाजत प्राप्त गरी नेपाल स्टक एक्सचेन्ज लिमिटेडको कारोबार सदस्य रहेको काठमाडौं-०१, डिल्लीबजारमा रजिस्टर्ड कार्यालय भएको श्री हिमालयन ब्रोकरेज कम्पनी लि. (उप्रान्त प्रथम पक्ष भनिनेछ)

तथा

प्रथम पक्ष मार्फत धितोपत्रको कारोबार गर्न/अनलाईन सुविधा प्रयोग गर्ने ग्राहक संकेत नम्बर (युनिक क्लाईन्ट कोड) .... रहेको .... स्थायी ठेगाना भई हाल .... स्थानमा बसोबास गर्ने श्री ....को नाती/नातीनी बुहारी, श्री ....को छोरा/छोरी वर्ष .... को श्री ....

वा

ग्राहक संकेत नम्बर (युनिक क्लाईन्ट कोड) .... रहेको .... कार्यालयमा दर्ता भई दर्ता नं. .... रही .... मा रजिष्टर्ड कार्यालय रहेको श्री .... (अब उप्रान्त द्वितिय पक्ष भनिनेछ र सो शब्दले विषय वा प्रसंगले अन्यथा अर्थ लगाएकोमा बाहेक निजका उत्तराधिकारी र/वा कानूनी प्रतिनिधि समेतलाई जनाउने) का बीचमा नेप्सेको कारोबार प्रणालीबाट टिएमएस प्रणाली अन्तर्गत कारोवार हुने विधि प्रणाली अनुरुप आफैले कारोबार गर्ने सम्बन्धमा द्वितिय पक्षले प्रथम पक्षसँग प्रस्ताव राखेको र प्रथम पक्षले समेत सो बमोजिम गर्न द्वितिय पक्षसँग आवश्यक ज्ञान रहेको मानी स्वीकृति जनाएकाले देहायमा लेखिए बमोजिमको शर्त बन्देजको अधिनमा रही टिएमएस प्रणाली अन्तर्गत कारोवार द्वितिय पक्ष आफैले गर्ने सम्बन्धमा दुवै पक्षको पूर्ण मञ्जुरी स्वीकृति भएकोले देहायका शर्त वन्देजहरुको पूर्ण रुपमा परिपालना गर्ने पूर्ण प्रतिवद्धताका साथ यो टिएमएस प्रणाली अन्तर्गत कारोवार गर्ने सम्बन्धी सम्झौता आ-आफ्नो खुसीराजीसँग लेखि लेखाई साक्षी महलमा लेखिए बमोजिमका साक्षीहरुको रोहवरमा प्रथम पक्षको कार्यालयमा बसी यस सम्झौताको मतलब र परिणाम समेत राम्ररी सम्झी बुझि दुवै पक्षले सहिछाप समेत गरि गराई एक-एक प्रति बुझीलियौं, दियौं ।

यस सम्झौताका पक्षहरू निम्नलिखित शर्तहरू पालना गर्न मञ्जुर छन् :

१. प्रचलित धितोपत्र ऐन, नियम, विनियम, कार्यविधि तथा नेपाल राष्ट्र बैंक, बिमा समिति, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेन्ज लमिटेड, सिडिएस एन्ड क्लियरिङ लिमिटेड लगायतका नियामक निकायले समय समयमा जारी गरेका निर्देशिका, परिपत्र र निर्देशन समेतलाई यसै सम्झौतामा उल्लेख भए सरह मानी सम्झौताका पक्षहरुले सोको पालना गर्न पूर्ण मञ्जुर गर्दछन् ।

२. द्वितिय पक्षले यस सम्झौता गर्दाको वखत वा यस भन्दा अघि प्रथम पक्षलाई दिएको सूचना, द्वितिय पक्षको ग्राहक पहिचान विवरण (केवाइसी) मा भरेको विवरणमा कुनै फेरवदल भए, फेरबदल भएको ७ कार्य दिन भित्र प्रथम पक्षलाई जानकारी दिई आफ्नो पहिचान तथा खाताका विवरणहरु अद्यावधिक गराउन मञ्जुर गर्दछ ।

३. द्वितिय पक्ष धितोपत्रको कारोबार गर्न कानून बमोजिम अयोग्य ठहरिने कुनै अवस्था उत्पन्न भई कारवाहीमा परेमा, आर्थिक रुपमा टाट पल्टिएमा, विघटनमा गएमा, दामासाहीमा परेमा वा कर्जा सूचना केन्द्रको कालो सूचीमा परेमा वा अन्य कुनै कारणले कानूनतः आर्थिक कारोवार गर्न असमर्थ भएमा प्रथम पक्षलाई तुरुन्त जानकारी दिन मञ्जुर गर्दछ ।

४. द्वितिय पक्षले यस सम्झौतामा उल्लेख गरेको वा ग्राहक पहिचान विवरण (केवाइसी) मा उल्लेख भएको इमेल ठेगाना वा मोबाइल नम्बरमा द्वितिय पक्षले प्रयोग गर्ने युजरनेम तथा पासवर्ड प्रथम पक्षले उपलब्ध गराउनेछ । प्रथम पक्षले उपलब्ध गराएको युजरनेम तथा पासवर्ड द्वितिय पक्षले परिर्वतन गरी सोको गोपनियता कायम गर्ने र आफ्नो नियन्त्रणमा राख्ने दायित्व द्वितिय पक्ष स्वयंको हुनेछ ।

५. द्वितिय पक्षले बिक्री कारोवार गर्दा मौज्दातमा धितोपत्र रहेको वा रहने कुनै एक हितग्राही खाता प्रथम पक्षलाई उपलब्ध गराउने छ । उक्त खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिने छैन । एउटै खाता अन्य धितोपत्र कारोवार सदस्यलाई दिई हुने जोखिमको जिम्मेवारी द्वितिय पक्ष स्वयंले लिनेछ ।

६. द्वितिय पक्षलाई दिइएको युजरनेमबाट भएगरेको सम्पूर्ण कारोबारहरुको दायित्व बहन गर्ने तथा सो को समयमा राफसाफ गर्ने पूर्ण जिम्मेवारी द्वितिय पक्षको हुनेछ ।

७. द्वितिय पक्षलाई प्रदान गरिएको युजरनेमको प्रयोगका कारण सम्झौतारत पक्ष र नेप्से समेतको सम्पत्तिमा कुनै हानी नोक्सानी पुगेमा त्यसरी सिर्जना हुने दायित्व प्रति द्वितिय पक्ष स्वयं पूर्ण जिम्मेवार हुनेछ ।

८. द्वितिय पक्षले आफ्नो युजरनेम प्रयोग गरी वा प्रथम पक्षलाई आदेश दिई बिक्री भएका धितोपत्रहरुको निर्देशन पूर्जी जारी गर्नुपर्ने दायित्व द्वितिय पक्षको हुनेछ । यसरी बिक्री भएको धितोपत्रको हस्तान्तरण द्वितिय पक्षले टि+१ को १२ बजे भित्र प्रथम पक्षको राफसाफ खातामा जम्मा गर्न नसकी उक्त कारोवारको राफसाफ हुन नसकेमा सोबाट सिर्जित सम्पूर्ण दायित्व द्वितिय पक्ष स्वयंले वहन गर्नु पर्नेछ ।

९. द्वितिय पक्षले धितोपत्र बिक्री गरिसकेपछि सो धितोपत्रको आधार मूल्य प्रथम पक्षलाई राफसाफ समयको १ (एक) दिन पूर्व नै उपलब्ध गराउनु पर्नेछ । आधार मूल्य समयमा उपलब्ध नगराएमा, फर्जी वा गलत आधार मूल्यका कारण उत्पन्न हुने सम्पूर्ण कानूनी तथा आर्थिक दायित्व वा हानी नोक्सानी द्वितिय पक्ष स्वयंले व्यहोर्नु पर्नेछ ।

१०. द्वितिय पक्षले बिक्रि गरेको धितोपत्रको कारोबारमा लाग्ने कर, शुल्क, दस्तुर तथा अन्य प्रणालीगत शुल्कहरु तथा प्रथम पक्षले धितोपत्र खरीद बिक्री सम्वन्धमा थप सुविधा प्रदान गरेमा लाग्ने थप स्वीकृत दस्तुर कट्टा गरी बाँकी रकम मात्र प्रथम पक्षले द्वितिय पक्षलाई भुक्तानी गर्नेछ ।

११. द्वितिय पक्षले खरीद आदेश प्रणालीमा प्रविष्ट गर्दा प्रथम पक्षले तोकेको कारोबार लिमिटको सीमाभित्र रही गर्नु पर्नेछ । द्वितिय पक्षले प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकमको ४ (चार) गुणा सम्म कारोबार लिमिट प्राप्त गर्न सक्नेछ । उक्त कारोबार सीमा द्वितिय पक्षले बुझाएको रकमको चार गुणा भन्दा बढी हुने छैन ।

१२. द्वितिय पक्षले कारोबार सीमाका लागि प्रथम पक्षलाई बुझाउने सबै किसिमका भुक्तानी चेक वा अन्य विद्युतीय माध्यमबाट गर्नुपर्नेछ ।

१३. द्वितिय पक्षले कारोबार प्रयोजनका लागि प्रथम पक्षलाई उपलब्ध गराएको रकम उक्त धितोपत्र कारोवार राफसाफ प्रयोजनमा मात्र प्रयोग गर्नुपर्नेछ ।

१४. दुवै पक्षको आपसी सहमतिमा द्वितिय पक्षले प्रथम पक्षलाई यस्तो कारोबार सीमाको लागि आवश्यक अग्रिम भुक्तानी बैंक ग्यारेन्टी तथा कारोवार योग्य धितोपत्रहरुको माध्यमबाट पनि गर्न सक्नेछ । यस्तो धरौटीलाई द्वितिय पक्षले आफ्नो दायित्व समयमा भुक्तानी नगरेमा प्रथम पक्षले द्वितिय पक्षलाई जानकारी दिई नगदमा परिणत गर्न सक्नेछ । द्वितिय पक्षले आफ्नो दायित्व समयमा पुरा नगरेको कारण प्रथम पक्षले यसरी नगदमा परिणत गरेमा द्वितिय पक्षले सो सम्बन्धमा कुनै उजुर वाजुर गर्न सक्ने छैन, गरे स्वतः बदर हुनेछ ।

१५. द्वितिय पक्षले धितोपत्र खरीद गरे पछि खरिद बिल बमोजिम टि+२ भित्रमा द्वितिय पक्षको कुल दायित्व रकममा प्रथम पक्षलाई अग्रिम रुपमा बुझाएको रकम तथा द्वितिय पक्षले विक्रि गरी प्रथम पक्षसंग भुक्तानी लिन बाँकी भएमा सो समेत समायोजन गरी बाँकी दायित्व रकम कारोबारको राफसाफ हुनु भन्दा पहिले प्रथम पक्षलाई द्वितिय पक्षले भुक्तानी गर्नुपर्नेछ ।

१६. कारोबार सीमा गणना प्रयोजनको लागि कारोबार योग्य धितोपत्रको मूल्यांकन बजार मूल्यको बढीमा ७० प्रतिशत सम्म गर्न सकिने छ । धितोपत्र तथा धितोपत्र बजारमा हुने सम्भावित जोखिमलाई मध्यनजर गरी प्रथम पक्षले द्वितिय पक्षलाई उपलब्ध गराएको कारोबार सीमा द्वितिय पक्षलाई जानकारी गराई फेरबदल गर्न सक्नेछ ।

१७. खरिद कारोबार पश्चात द्वितिय पक्षले राफसाफ समय भित्रमा आफ्नो दायित्व पुरा नगरेमा टि+४ मा प्रथम पक्षले द्वितिय पक्षलाई जानकारी गराई द्वितिय पक्षकै नाममा खरिद गरिएको तथा जमानतमा लिइएको धितोपत्र बिक्री, वैक जमानतबाट प्राप्त रकम र सो को लागत बापतको शोधभर्ना र नपुग रकम प्रथम पक्षले बैकलाई कर्जा वापत बुझाउनु पर्ने व्याज वरावरको व्याज रकममा ५% सम्म प्रशासनिक खर्च समेत थप गरि हुन आउने एकमुष्ट रकम असूल उपर गरि लिएमा समेत द्वितिय पक्षको पुर्ण मञ्जुरी स्वीकृति छ र सो सम्बन्धमा मञ्जुरी स्वीकृति थिएन छैन भनि कही कतै कुनै प्रकारको उजुर वाजुर गर्न पाउने छैन गरे स्वतः बदर हुनेछ ।

१८. द्वितिय पक्षको धितोपत्र बिक्री गरि प्रथम पक्षको लेना रकम असुलउपर गरी रकम बाँकी रहेमा द्वितिय पक्षको अग्रिम भुक्तानी सम्मको रकम द्वितिय पक्षलाई फिर्ता गरी थप रकम बाँकि रहन गए धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

१९. द्वितिय पक्षले खरीद गरेको धितोपत्र खरिदबाट सिर्जित दायित्वहरु पुरा गरेपछि वा कारोवारको राफसाफको दिन मध्ये जुन पछी हुन्छ सो को भोलिपल्ट ग्राहकको निक्षेप खातामा प्रथम पक्षले धितोपत्र हस्तान्तरण गर्नु पर्नेछ ।

२०. द्वितिय पक्षको नामवाट कारोवार भए पश्चात द्वितिय पक्षको मृत्यु भएमा, दामासाहीमा परेमा, मानसिक सन्तुलन गुमाएमा वा अन्य कुनै कारणवाट द्वितिय पक्षको नामवाट भएका कारोवारको राफसाफ हुन नसक्ने स्थिति सिर्जना भएमा उक्त कारोबारको राफसाफको जिम्मेवारी निज वा निजको कानूनी उत्तराधिकारीको हुनेछ । त्यसरी हकाधिकार सर्ने उत्तराधिकारीलाई समेत यो करारनामा पूर्ण रुपले लागु भई सम्झौतामा भएको सवै व्यवस्थालाई पूर्ण रुपमा पालना गर्नुपर्ने दायित्व सिर्जना भएको मानिनेछ । कानुनी उत्तराधिकारीवाट पनि राफसाफ हुन नसकेमा प्रचलित कानून बमोजिम हुनेछ ।

२१. नियामक निकायहरुबाट कारोबारहरु रद्द भएमा वा रद्द गर्ने आदेश प्राप्त भएमा सो कारोवारहरु स्वतः रद्द हुनेछन । सोको दायित्व प्रथम पक्षले बहन गर्ने छैन ।

२२. द्वितिय पक्ष नावालक वा कानूनतः पक्षको रुपमा करार गर्न अयोग्य देखिएमा निजको संरक्षक वा प्रतिनिधिले यो सम्झौता गर्न सक्नेछ ।

२३. प्रथम पक्षको काबु बाहिरको परिस्थितिको कारणबाट उत्पन्न हुने कुनै पनि दायित्वमा प्रथम पक्ष जिम्मेवार हुने छैन ।

२४. द्वितिय पक्षले आफ्नो कारोवारको निम्ति आदेश दिन लिखित मञ्जुरी दिई प्रतिनिधि नियुक्ति गर्न सक्नेछ । सो प्रतिनिधिबाट भएका सम्पूर्ण कारोबारहरु निज द्वितिय पक्षले नै गरे सरह मान्य हुनेछ ।

२५. धितोपत्रको कारोबार गर्दा धितोपत्रमा गरिने लगानीमा निहित रहेको जोखिम तथा प्रणालीगत जोखिमका बारेमा द्वितिय पक्ष जानकार रहेको मानिनेछ र सो जोखिमबाट सिर्जित हुने हानी नोक्सानी प्रति द्वितिय पक्ष नै जिम्मेवार रहनेछ ।

२६. द्वितिय पक्षले निम्न लिखित माध्यमबाट कारोबार आदेश दिन सक्नेछ :
क) स्वयं उपस्थित भई लिखित आदेश । ख) टेलिफोन नं.: .... ग) मोवाइल फोन नं.: ....
घ) ई-मेल .... ङ) द्वितिय पक्षको युजरनेम .... च) अन्य बिद्युतीय माध्यम ....
प्रथम पक्षले उल्लिखित माध्यमबाट आएका आदेशहरुलाई मात्र वैधानिक मान्यता दिई प्राथमिकताका आधारमा कारोबार प्रणालीमा आदेश प्रविष्टी गर्नेछ । नियम अनुसार उक्त आदेशहरुको सुरक्षित रेकर्डिङ्ग तथा भण्डारण प्रथम पक्षले गर्न सक्नेछ ।

२७. द्वितिय पक्षले मार्जिन कारोवार सुविधा उपयोग गर्ने भएमा सो सम्बन्धी शर्त तथा सुविधाहरु सम्बन्धित नियम तथा मार्जिन कारोबार सुविधा सम्बन्धी सम्झौतामा तोकिए बमोजिम हुनेछ ।

२८. द्वितिय पक्षले धितोपत्र कारोवार गर्दा उक्त धितोपत्र कारोवार गर्न प्रचलित कानुन वमोजिम आफु योग्य रहेको र सो धितोपत्रमा आफुले कानून बमोजिम धारण गर्न सक्ने सीमा भित्र रहि खरीद आदेश प्रविष्ट गर्नुपर्नेछ । सो नगरेबाट सिर्जित परिणाम तथा दायित्व द्वितिय पक्षको हुनेछ ।

२९. प्रचलित नीति नियममा उल्लेख भए अनुसार वा सम्बन्धित निकायहरुबाट धितोपत्रको कारोबारको श्रोतको जानकारी गराउन आवश्यक रहेमा उक्त जानकारी कारोबार राफसाफ समयावधी भित्र प्रथम पक्षलाई बुझाउन द्वितिय पक्ष मञ्जुर गर्दछ । द्वितिय पक्षले प्रचलित कानुन बमोजिम अवैधानिक नठहरीने रकमहरु मात्र धितोपत्रमा लगानी गर्नुपर्नेछ ।

३०. द्वितिय पक्षले प्रथम पक्षको ग्राहक सदस्य भई टिएमएस मार्फत धितोपत्र खरिद/विक्रि गर्दा धितोपत्र खरिद/विक्रि गरे पश्चात् आफूले पुरा गर्नु पर्ने सम्पुर्ण प्रकृतिको दायित्वहरु अर्थात धितोपत्र खरिद गरे वापत नियम बमोजिम तोकिएको समय सिमा भित्रै रकम भुक्तानी गर्नुपर्ने दायित्व वा धितोपत्र विक्रि गर्दा नियम बमोजिम तोकिएको समय सिमा भित्रै EDIS गर्नु पर्ने दायित्व जस्ता विविध प्रकृतिका दायित्वहरु निशर्त पुरा गर्नुपर्नेछ । त्यसो नगरेमा सो बाट सिर्जित हुने सवै प्रकारको दायित्वहरु द्वितिय पक्षको हुनेछ । यस सम्बन्धमा द्वितिय पक्षको पूर्ण मञ्जुरी स्वीकृति रहनेछ र सो सम्बन्धमा मञ्जुरी स्वीकृति थिएन छैन भनि कही कतै कुनै प्रकारको उजुर वाजुर गर्न पाउने छैन गरे स्वतः बदर हुनेछ ।

३१. द्वितिय पक्षले खरिद/विक्रि पश्चात् पुरा गर्नु पर्ने दायित्व समयमा पुरा गर्न नसकेका कारण द्वितिय पक्षलाई ऋणी सरह कारबाही गरि प्रथम पक्षको लेना रकम असूल उपर गरि लिनु पर्ने अवस्था सिर्जना भएमा द्वितिय पक्षले उक्त दायित्व बहन गर्नु पर्ने समयावधि नाघेका मितिबाट उक्त रकम असूल उपर गरि लिँदाका मितिसम्मको प्रथम पक्षले बैकलाई कर्जा वापत बुझाउनु पर्ने व्याज वरावरको व्याज रकममा ५% सम्म प्रशासनिक खर्च समेत थप गरि हुन आउने एकमुष्ट रकम असूल उपर गरि लिन पाउनेमा द्वितिय पक्षको पुर्ण मञ्जुरी स्वीकृति छ र सो सम्बन्धमा मञ्जुरी स्वीकृति थिएन छैन भनी कहीं कतै कुनै प्रकारको उजुर वाजुर गर्न पाउने छैन गरे स्वतः बदर हुनेछ ।

३२. टिएमएस प्रणालीमा कुनै प्राविधिक त्रुटिका कारण द्वितिय पक्षको कारोबार लिमिटमा परिवर्तन देखिई सो का आधारमा द्वितिय पक्षले धितोपत्र खरीद गरेमा द्वितिय पक्षले प्रथम पक्षलाई यस सम्झौताका शर्तहरु बमोजिम धितोपत्र खरीद गरेवापतको भुक्तानी बुझाउन मञ्जुर गर्दछ । यस्तो कारोबार सम्बन्धी सम्पूर्ण दायित्व द्वितिय पक्षको हुनेछ ।

३३. दुवै पक्षहरु बीच आपसी सहमतीमा एक महिनाको अग्रिम सूचना दिई यो सम्झौता रद्द गर्न सकिनेछ । सम्झौता रद्द गर्नु पूर्व पक्षहरुले आ-आफ्नो दायित्व पुरा गरेको हुनु पर्नेछ ।

३४. प्रचलित कानून बमोजिम प्रथम पक्षले व्यवसाय सञ्चालनका लागि प्राप्त गरेको इजाजत, अनुमतिपत्र, सदस्यता खारेज भई कारोबार गर्न अयोग्य भएमा यो सम्झौता स्वतः खारेज हुनेछ । यसरी सम्झौता खारेज भए पनि बाँकी बक्यौता फछ्र्यौट गर्नुपर्ने दायित्व दुवै पक्षको हुनेछ ।

३५. यस सम्झौता अनुसार प्रथम पक्षले दिने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार तोकिएको माध्यमबाट द्वितिय पक्षको अद्यावधिक ठेगानामा पठाए पश्चात द्वितिय पक्षले जानकारी पाए सरह हुनेछ ।

३६. सम्झौताका दुवै पक्षहरुले नेप्से अनलाइन कारोबार प्रणालीमा क्षति पुऱ्याउने कुनै पनि कार्य गर्न पाउने छैनन् ।

३७. प्रथम पक्षले प्रचलित कानूनमा उल्लेख भएको अवस्थामा बाहेक द्वितिय पक्षको गोपनीयता कायम गर्नेछ ।

३८. पक्षहरुका बीचमा उत्पन्न हुनसक्ने विवाद तथा मतभिन्नताहरुको समाधान सकेसम्म आपसी सहमतिमा निराकरण गरिनेछ । आपसी सहमतीबाट समाधान गर्न नसकेमा धितोपत्र कारोबार सञ्चालन विनियमावली, २०७५ मा तोकिए बमोजिम हुनेछ ।

३९. द्वितिय पक्षले देहायका सुबिधा उपयोग गरे बापत तोकिएको शुल्क तिर्न मञ्जुर गर्दछ । साथै द्वितिय पक्षले उक्त सुविधाहरु प्राप्त गर्न हरेक आर्थिक वर्ष नविकरण शुल्क समेत तिर्नु पर्नेछ ।
१. अनलाईन कारोबार सुविधा २. एस एम एस सुबिधा ३. अन्य सुबिधा

४०. यो सम्झौता दुवै पक्षले हस्ताक्षर गरेको मितिबाट .... सम्म कायम रहनेछ र दुवै पक्षको सहमतीबाट सम्झौता पुनः नविकरण हुन सक्नेछ ।

४१. यो सम्झौता पत्रमा उल्लेख भएका शर्तहरु यसै सम्झौता पत्र बमोजिम हुनेछ र यसमा उल्लेख नभएको कुराको हकमा प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

प्रथम पक्षः हिमालयन ब्रोकरेज कम्पनी लि.

प्रथम पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नाम :

दस्तखत :

कम्पनीको छाप :

द्वितिय पक्षः

द्वितिय पक्षको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नाम :

दस्तखत :

कम्पनीको छाप (कम्पनीको हकमा) :

औंठा छाप :

दायाँ	बायाँ

साक्षी

१. ....

२ ....

साक्षी

१. ....

२ ....

ईति सम्वत .... साल .... महिना .... गते रोज शुभम् ।

HBC- Himalayan
Brokerage Company Ltd.
Broker No. 63

अनुसूची - ३

"मेरो शेयर" को सेवा लिनको लागि निवेदन फाराम

मिति: ..../............./...................

श्री प्रमुख ज्यू,
हिमालयन ब्रोकरेज कम्पनी लि.
डिल्लीबजार, काठमाडौं ।

विषय : "मेरो शेयर" को सेवा प्रदान गरिदिने सम्बन्धमा ।

महोदय,

म/हामीले त्यस लि. मा खोलेको हितग्राही खाता सम्बन्धी विवरण इन्टरनेट मार्फत् हेर्न तथा "मेरो शेयर" मा उपलब्ध सम्पूर्ण सेवाहरू प्रयोग गर्न चाहेकोले उक्त सेवा प्रदान गरिदिनु हुन हार्दिक अनुरोध गर्दछु/गर्दछौं ।

निवेदकको नाम/थर :	
Name of Applicant (BLOCK Letter)	

निक्षेप सदस्य नम्बर : (DPID)	
हितग्राही नम्बर : (Client ID)	

ईमेल: E-mail ID :			
सम्पर्क फोन नं.: Telephone No.:	अफिस	निवास	मोबाईल
ठेगाना : Address:			

"मेरो शेयर" को सेवा सम्बन्धी नियम तथा शर्तहरु

१. मेरो शेयर सेवा केवल व्यक्तिगत प्रयोजनको लागि मात्र हो । यो सेवा अन्य कसैलाई हस्तान्तरण गरिने छैन ।
२. ग्राहकले मेरो शेयर सेवासँग सम्बन्धित विद्युतीय कारोवारको लागि दिईएका सुरक्षित गोप्य नाम, पासवर्ड, पिन आदि जानकारीको गोपनियता कायम गर्नेछ र यी जानकारीहरू कुनै पनि अवस्थामा कसैलाई कहिले पनि दिने छैन ।
३. यदि आफ्ना गोप्य पासवर्ड नम्बर पिन हराएको वा सो को जानकारीहरू कतै कोही असम्बन्धित व्यक्तिको जानकारीमा आएको थाहा भएमा तुरुन्त आफ्नो निक्षेप सदस्यलाई जानकारी गराई रद्द गराउनु पर्नेछ र परिवर्तन गराउनु पर्नेछ ।
४. मेरो शेयर मार्फत् गरिएका सम्पूर्ण कारोबारको जिम्मेवारी ग्राहक स्वयंको हुनेछ ।
५. मेरो शेयरको प्रयोग सधैं सिडिएससिको प्रचलित नियम र विनियमको अधिनमा रहने छ ।
६. प्राविधिक कारणले सेवा अवरूद्ध हुन गई ग्राहकलाई हुन गएको सुविधा, क्षति वा हानी नोक्सानीको लागि निक्षेप सदस्य/सिडिएससि कुनै पनि किसिमको जिम्मेवार हुने छैन ।
७. यो निवदेनमा निक्षेप सदस्य/सिडिएससिको स्वीकतृ आवश्यक पनर्छे । निक्षेप सदस्य/सिडिएससिसगँ कनुै कारण नखलुाई आफ्नो स्वविवेकमा निवेदन अस्वीकृत गर्ने अधिकार रहने छ ।
८. ग्राहकलाई सुचित गरी वा नगरी यो सुविधा नवीकरण गर्ने, रद्द गर्ने वा फिर्ता लिने अधिकार निक्षेप सदस्य/सिडिएससिलाई रहने छ ।

उद्घोषण :

म/हामी माथि उल्लेखित सम्पूर्ण विवरण साँचो रहेको घाेषणा गदर्छु/गर्दछौं । यदि उल्लेखित विवरणहरू कुनै कारणवश गलत भएको अथवा गलत प्रमाणित भएको अवस्थामा त्यसबाट सिर्जना हुने सम्पूर्ण परिस्थितिको जिम्मवोर म/हामी स्वयं हुनेछु / छौं । साथै माथि उल्लेखित माबोईल नम्बर तथा इमेल मेरो/हाम्रो व्यक्तिगत प्रयोजनका लागि प्रयोग हुनेछ तथा मेरो शेयरको सेवाका लागि सिडिएससिबाट प्रदान गरिने Login ID तथा Password हरू उल्लेखित मोबाईल नम्बर वा इमेल ठेगानामा प्राप्त गर्न मेरो/हाम्रो मन्जुरी छ । मेरो शयेरको सेवा उपभागे गर्ने सम्बन्धमा सिडिएससिद्वारा जारी गरिएका यस सेवासँग सम्बन्धित माथि उल्लखे गरिएका सम्पूर्ण नियम, शतर्हरू राम्ररी पढी बुझी स्वीकार गर्दछु/गर्दछौं ।

....
आधिकारिक दस्तखत

....
मिति

HBC- Himalayan Brokerage Company Ltd.

हिमालयन ब्रोकरेज कम्पनी लि.
नेपाल धितोपत्र बोर्डबाट अनुमति प्राप्त
स्टक ब्रोकर नं. ६३

केन्द्रिय निक्षेप सेवा विनियमावली, २०६८ को विनियम २० को उपविनियम ३ सँग सम्बन्धित

निक्षेप सदस्य र हितग्राही व्यक्ति वा संस्थाबीचको सम्झौता

डिल्लीबजार, काठमाडौंस्थित कार्यालय रहेको **हिमालयन ब्रोकरेज कम्पनी लि.** यसपछि ("सदस्य" वा "प्रथम पक्ष" भनिएको)

र

.... जिल्ला .... म.न.पा/न.पा./गा.पा. वडा नं. .... बस्ने ....

वा

.... जिल्ला .... म.न.पा/न.पा./गा.पा. वडा नं. .... मा कार्यालय रहेको ....

यसपछि ("हितग्राही" भनिएको) दोस्रो पक्ष बीच देहायका शर्तहरू पालना गर्ने सहमतिसाथ यो सम्झौता गरिएको छ ।

१. **सामान्य प्रावधान**:
यस सम्झौताका पक्षहरू धितोपत्रको केन्द्रीय निक्षेप सेवा नियमावली, २०६८ का व्यवस्था र सिडिएससिले समयसमयमा जारी गरेका विनियमलाई यसै सम्झौतामा उल्लेख भए सरह र यसै सम्झौताको हिस्साको रूपमा पालना गर्न सहमत छौं ।

२. **रकम असुल उपर**:
हितग्राहीले सदस्यलाई तिर्नुपर्ने रकम तोकिएको मितिभित्र बुझाउनु पर्नेछ ।

३. **खाताको फाँटवारी (स्टेटमेन्ट)**:
सदस्यले हरेक तीन महिनाको अन्तमा हितग्राहीलाई निजका खाताको फाँटवारी प्रदान गर्नेछ । तर यस अवधिमा कुनै कारोबार नभएमा खाताको फाँटवारी दिनु पर्ने छैन ।

४. **विवरणमा भएका परिवर्तनहरूबारे हितग्राहीले सूचित गर्नुपर्ने**:
हितग्राहीले सूचित गरेको अवस्था बाहेक, हितग्राहीले विवरणमा भएको परिवर्तन सदस्यलाई जानकारी नगराएको कारणबाट हितग्राहीलाई हुन सक्ने कुनै हानी उपर सदस्य उत्तरदायी वा जिम्मेवार हुने छैन ।

५. **हितग्राहीको दावीप्रति निक्षेप सदस्य उत्तरदायी नहुने**:
सुरक्षणका लागि हितग्राहीको खाताबाट खर्च लेखिएको/क्रेडिट गरिएको तेस्रो पक्षका दावी अदालत वा राजस्व निकायबाट तोकिएको वा भाग भएको कुनै शुल्क, दस्तुर, कर प्रति सिडिएससि तथा सदस्य उत्तरदायी हुने छैनन् ।

६. **प्रत्येक हितग्राही निम्न कुरामा विशेष रूपले जिम्मेवार हुनेछ**:
(क) निक्षेप सदस्यसँग भएको सम्झौता र खाता खोल्दाका विववरणहरू तथा तथ्य सम्बन्धमा,
(ख) निक्षेप सदस्यसँग खाता खोल्दा पेश गरेका लिखतको अधिकारीकता र सत्यता सम्बन्धमा,
(ग) निक्षेप सदस्यबाट प्रत्येक कारोबार निर्देशन बमोजिम खाताबाट घटाएको र थपेको कुराको सुनिश्चित गर्ने,
(घ) हितग्राहीको खातामा भएको परिवर्तनका विवरण सम्बन्धमा जस्तैः ठेगाना, बैंक विवरण स्थिति अख्तियारी, आदेश मनोनयन दस्तखत आदि,
(ङ) कुनैपनि निष्काशित धितोपत्र खरिद गरेकोमा सो को सत्य विवरण ।

७. **आधिकारिक प्रतिनिधि**:
हितग्राही सङ्गठित संस्था वा कानूनी व्यक्ति भएमा त्यसले संस्था वा व्यक्तिको तर्फबाट प्रतिनिधित्व गर्ने अख्तियार प्राप्त व्यक्ति सदस्यसँगको सम्झौता क्रियान्वित गर्नेछन् । प्रतिनिधिको हेरफेर वा अन्य कुनै किसिमको परिवर्तन भएमा हितग्राहीले सदस्यलाई तुरून्त जानकारी गराउनेछ ।

८. **सम्झौता रद्द गर्ने**: विनियमावली तथा सञ्चालन निर्देशिकामा उल्लेख गरिए अनुसारका शर्तबन्देजको अधिनमा रही पक्षहरूले यो सम्झौता जुनसुकै समयमा रद्द गर्न सक्नेछन् । कुनै पनि पक्षले सम्झौता रद्द गरेमा हितग्राहीको खातामा भएका धितोपत्रहरूलाई सोही हितग्राहीको निर्देशनबमोजिम सदस्यले व्यस्थापन गर्नेछ ।

९. **काबुबाहिरको परिस्थिति**:
यस सम्झौता वा विनियमावलीमा जुनसुकै कुरा लेखिएको भए तापनि आँधी, तुफान, बाढी, चट्याङ, भूँइचालो, आगलागी, विस्फोट वा दैवी प्रकोप, युद्ध, विद्रोह, क्रान्ति, हुलदंगा, निषेधाज्ञा, नाकाबन्दी, अवरोध, दंगा, नागरिक कलह, हड्ताल, तालाबन्दी, बहिष्कार, कुनै उपयोगी सेवामा अवरोध जस्ता मजदुर कारवाही वा अशान्ति, शत्रुको कारवाही, अपराधिक षड्यन्त्र, आतङ्ककारीको गतिविधि वा तोडफोड, विध्वंस, प्रणालीमा गडबडी, अनाहक प्रवेश वा प्रतिकार गर्न नसकिने अन्य कुनै शक्ति वा बाध्यता लगायत काबु वा नियन्त्र बाहिरका घटनाद्वारा यस सम्झौता अन्तर्गतको दायित्वमा कुनै कार्य सम्पादन नगरेको, विलम्ब गरेको वा उल्लंघन भएकोमा कुनै एक पक्षलाई हुन गएको हानीनोक्सानी, क्षतिको सोधभर्ना वा क्षतिपूर्ति दिन अर्को पक्ष उत्तरदायी हुनेछैन ।

१०. **जनाउ**:
यस सम्झौताअनुसार दिइने अथवा आवश्यक हुने कुनै पनि जनाउ वा सञ्चार लिखित रूपमा र प्रापकको हालसालको ठेगाना नपठाएसम्म बन्धनकारी हुनेछैन ।

११. **विवादको समाधान**:
पक्षहरूका बीचमा उत्पन्न हुन सक्ने विवाद तथा भिन्नताका सम्बन्धमा विनियमालीमा तोकिएअनुसारको मध्यस्थता समितिको व्यवस्था यस सम्झौताका पक्षहरूलाई पनि लागु हुनेछ ।

१२. **नियमनकारी कानून**:
यो सम्झौता प्रचलित नेपाल कानूनद्वारा नियमन तथा व्याख्या हुनेछ ।

सम्झौताका प्रथम पक्ष

निक्षेप सदस्यको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नाम :

दस्तखत :

कम्पनीको छाप :

साक्षी

१. ....

सम्झौताको दोस्रो पक्ष

हितग्राहीको तर्फबाट अधिकार प्राप्त

व्यक्तिको नाम :

दस्तखत :

कम्पनीको छाप :

साक्षी

१. ....

ईति संम्वत .... साल.................... महिना....................गते रोज..........शुभम् ।